## १. क्षेत्रगत नीति तथा कार्यक्रम

### (१.१) आर्थिक विकास

#### क) कृषि तथा पशु विकास सम्बन्धि नीतिः–

- कृषि क्षेत्रको आधुनीकिकरण मार्फत नगरपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न निम्नानुसारका कार्यक्रम संचालन गरिनेछ।
- जैविक मल वितरण कार्यक्रम संचालनको लागि बजेट विनियोजन गर्ने ।
- कृषकहरुलाई रासायनिक मल तथा बिषाधिहरुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्यमा गम्भिर असर परिरहेकोले जैविक मलको उत्पादन र प्रयोग बढाउनको लागि गड्यौलीमल सम्बन्धि तालिम र प्रविधि हस्तान्तरण कार्यक्रमको लागि बजेट विनियोजन गर्ने ।
- चैते धानको उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यले उन्नत जातको धानको बीउमा ५० प्रतिशत अनुदानमा वितरण गर्ने ।
- ५० प्रतिशत अनुदानमा नेपाल सरकारद्वारा सूचिकृत मकैंको उन्नत जातको बीउ वितरण कार्य गर्ने ।
- ५० प्रतिशत अनुदानमा नेपाल सरकारद्वारा सूचिकृत गहुँको उन्नत जातको बीउ वितरण कार्य गर्ने ।
- माटोको स्वास्थ्य सुधार गर्नको लागि माटोको अम्लीयपना वा क्षारीयपना परीक्षण गराई निदानको लागि कृषि चुन खरिद गरि ८५ प्रतिशत अनुदानमा वितरण गर्नको लागि बजेट विनियोजन गर्ने ।
- सहकारी संस्थाहरुसँग सहकार्य गरि रासायनिक मल वितरण कार्यलाई प्रभावकारी बनाउने ।
- बैदेशिक रोजगारबाट फर्केका एवं आफ्नै पालिकामा रहेका बेरोजगार युवा/महिलाहरुको समूह बनाई सामूहिक तरकारी खेति तथा पशुपालनको लागि बीउ पूँजीको रुपमा नगद अनुदानका साथै सिंचाई, बीउ बिजन वितरण गरि सार्वजनिक खेतीयोग्य जग्गा लिजमा उपलब्ध गराउने कार्यको लागि बजेट विनियोजन गर्ने ।

- च्याउ खेति सम्बन्धि तालिम तथा च्याउको बीउ वितरणको लागि बजेट विनियोजन गर्ने ।
- बेमौसमी तरकारी खेती सम्बन्धि तालिम सञ्चालन तथा बीउ वितरण कार्यको लागि बजेट विनियोजन गर्ने ।
- किसानहरुले बढी उत्पादन गरेका तरकारी तथा फलफूलहरुलाई सुरक्षित राख्नको लागि कोपवा चौकमा निर्माण गरिएको कोल्ड चेम्बरको सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- धर्तिको डाक्टर मेसिन र लेबलिङ मेसिन तथा गहुँ बीउ रोपाईको लागि सिड ड्रिल मेसिन खरिदको लागि बजेट विनियोजन गर्ने ।
- गुजरामाई चौरमा कोल्ड स्टोर निर्माण कार्य गर्नको लागि जग्गा प्राप्ति ऐन, २०३४ अनुसार प्रक्रिया अगाडि बढाउन पहल गर्ने ।
- कृषि तर्फ बाली बिमाको लागि सम्बन्धित ईच्छुक इन्स्योरेन्स कम्पनीसँग समन्वय गरि कृषकहरुको बाली बिमा गराउनको लागि बजेट विनियोजन गरि कार्य अगाडि बढाउने ।
- पशु तर्फ पशु बिमा गराउनको लागि संघीय सरकारको ८५ प्रतिशत अनुदान, पशुपालक किसानले १० प्रतिशत र स्थानीय सरकारले ५ प्रतिशतको लगानीमा अनिवार्य पशु बिमा कार्यको लागि बजेट विनियोजन गर्ने ।
- पशु चौपायाको स्वास्थ्यलाई मध्यनजर गरि पशुसेवा केन्द्रबाट उपलब्ध हुने सेवालाई प्रभावकारी रुपमा सञ्चालन गर्न शिविर सञ्चालन, खोर व्यवस्थापनको तथा औँषधि खरिदका लागि पर्याप्त बजेट विनियोजन गर्ने ।
- स्थानीय कृषकहरुलाई घाँसको परनिर्भरताबाट मुक्त गर्नको लागि बर्षे तथा हिउँदे घाँसको बिउ ९० प्रतिशत अनुदानमा वितरण कार्यको लागि बजेट विनियोजन गर्ने ।
- पशुमा लाग्ने रोगहरुको जाँच गर्नको लागि प्रयोगशाला सञ्चालन गर्ने हेतु सामाग्रीहरुको प्रबन्ध गर्ने ।

- बाख्रा पालक किसानहरुको लागि बोयर जातको बोका खरिद गरि समूह मार्फत उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न बजेट विनियोजन गर्ने ।

ख) पर्यटन सम्बन्धि नीतिः–

- स्थानीय भाषा, संस्कृति, रहनसहन एवं सम्पदाको जगेर्ना गरी साँस्कृतिक मेला, प्रदर्शनीको लागि पहल गर्ने ।
- बौधिमाई नगरपालिकाको एक स्थानमा नमूना पर्यटकीय स्थलको निर्माणको शुरुवात गर्न प्रदेश सरकार समक्ष पहल गर्ने ।

ग) वित्तीय व्यवस्था सम्बन्धि नीति

- नगरपालिका क्षेत्रभित्रका सम्पूर्ण व्यवसायी, उद्योगी, व्यापारी, निजी विद्यालय, अस्पताल तथा क्लिनिकहरुलाई व्यवसाय दर्ता अभियान सञ्चालन गर्नको लागि बजेट विनियोजन गरी करको दायरामा ल्याई आन्तरिक आम्दानी अभिवृद्धि गर्ने ।
- वडा कार्यालयले प्रदान गर्ने सेवाहरुबाट अनलाइन प्रणालीद्वारा राजस्व संकलन गर्न आन्तरिक प्रणालीमा सुधार गर्ने ।
- नगरपालिका अन्तर्गत रहेका प्रमुख हाट बजारहरुमा बंकुल बजार, कोपवा बजार, भुवाली चौकको बजार, इनरवारी बजारलाई ठेक्कामा लगाई आन्तरिक आम्दानीमा अभिवृद्धि गर्ने ।
- नगरपालिका भित्र रहेका सार्वजनिक पोखरीहरुको सरसफाई गराई ठेक्का प्रक्रियाद्वारा राजस्व संकलन गर्ने ।
- भूमिकर/मालपोत दस्तुरलाई अनिवार्य रुपमा बुझाउनको लागि सेवाप्रवाह प्रक्रियासँग आवद्ध गर्ने ।

(१.२) सामाजिक विकासः–

क) शिक्षाः

<u>शैक्षिक गुणस्तर वृद्धि गर्ने नीति</u>

- ➢ शैक्षिक गुणस्तर वद्धि गर्न तीन वटै तहका शिक्षकहरुलाई पेशागत तालिम/कस्टमाइज्ड तालिमको प्रवन्ध गर्नको लागि बजेट विनियोजन गर्ने
- ➢ कक्षा १ देखि ५ सम्मका लागि अंग्रेजी कक्षा संचालन गर्ने ।
- ➢ ई–लाईब्रेरीको स्थापना गर्ने ।
- ➢ विद्यार्थीहरुमा इन्टरनेट एवं कम्प्युटर पहुँचमा वृद्धि गर्ने ।
- ➢ विद्यालयहरुमा शैक्षिक सामग्री र खेल सामग्रीको व्यवस्थापन गर्ने ।
- ➢ सबै विद्यालयहरुमा छात्र छात्राहरुको लागि छुट्टा छुट्टै बालमैत्री तथा अपाङमैत्री पानी सहितको शौचालयको व्यवस्थापन गर्ने ।
- ➢ विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यालयहरुको स्वमूल्याङ्कन कार्य गराउने ।
- ➢ नेपाल सरकारद्वारा प्रदान गरिएको दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्ने ।
- ➢ बालिका तथा समावेशी शिक्षा सञ्जालको लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- ➢ बिहेबारी २० बर्ष पारि बिहे गर्ने युवतीहरुको अभिभावकलाई नगद अनुदानको लागि बजेट विनियोजन गर्ने ।

<u>शिक्षाको अवसरमा वृद्धि गर्ने नीति</u>

- ✓ विद्यालय भर्ना अभियान प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि बजेट विनियोजन गर्ने ।
- ✓ एम.बि.बि.एस.परीक्षामा छात्रवृत्तिकोटामा उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पुरस्कार स्वरुप रु १ लाख दरले बजेट विनियोजन गर्ने ।

- ✓ ईन्जिनियरिंगको प्रवेश परीक्षामा छात्रवृत्ति कोटामा उत्तीर्ण गर्ने विद्यार्थीहरुलाई पुरस्कार स्वरुप रु ५० हजारको दरले बजेट विनियोजन गर्ने ।
- ✓ एस.ई.ई. परीक्षा, कक्षा ११ र १२ तथा स्नातक परीक्षामा प्रदेश स्तर वा राष्ट्रिय स्तरमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने छात्रछात्राहरुलाई २५, १५, १० हजारको दरले पुरस्कारको लागि बजेट विनियोजन गर्ने ।
- ✓ अति विपन्न र सिमान्तकृत डोम, चमार, हल्खोर, मुसहर वर्गका छात्र छात्राहरुलाई विशेष छात्रवृत्तिको लागि रकम विनियोजन गर्ने ।
- ✓ सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थित रुपमा संचालन गर्नको लागि अनुगमन कार्यलाई प्रभावकारी बनाउने ।
- ✓ अभिभावक विहिन एवं अतिविपन्न बालबालिकाहरुको लागि आवासिय सहितको शिक्षा दिनको लागि बालगृह संचालन गर्नको लागि बजेट विनियोजन गर्ने ।
- ✓ अपाङ्ग विद्यालयमा यातायातको साधनको प्रवन्ध गर्ने ।
- ✓ प्राविधिक शिक्षालयको अनुमति एवं संचालन गर्नको लागि सम्बन्धित निकायमा पहल गर्ने ।

संस्थागत क्षमता विकास गर्ने नीतिः–

- ➢ सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विधालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन एवं संचालन गर्ने ।
- ➢ नियमित प्रधानाध्यापक बैठक संचालन गर्ने ।
- ➢ नियमित बिषय शिक्षकहरुको बैठक संचालन गर्ने ।
- ➢ नियमित रुपमा विद्यालय अनुगमन कार्य गर्ने ।
- ➢ प्रधानाध्यापकको जिम्मेवारी वहन नगर्ने प्र.अ.लाई आवश्यक मापदण्ड बनाई नयाँ प्र.अ.को जिम्मेवारी दिने ।

शैक्षिक प्रणालीको सबलीकरण गर्ने नीतिः–

- ➢ विद्यालय भर्ना अभियान संचालन गर्ने ।

- विद्यालय तथा स्थानीय तह स्तरमा IEMIS को व्यवस्थित प्रयोग तथा सबलीकरण गर्ने ।
- विद्यालय स्तरमा गुनासो पेटिका तथा लैंगिक समानता तथा सामाजिक समावेशिकरण सम्पर्क व्यक्ति तोक्ने ।

बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज कार्यान्वयन गर्ने नीति

- विद्यालयमा बालबालिका, छात्र तथा अपांगता मैत्री तथा भूकम्प प्रतिरोधी संरचना निर्माण गर्नको लागि जस्ता भएका ४ वटा आधारभूत विद्यालयहरुमा भवन निर्माण गर्नको लागि **Build On nepal,** धनगढी कैलालीसँग साझेदारी गर्न बजेट विनियोजन गर्ने ।
- बृहत विद्यालय सुरक्षा न्यूनतम प्याकेज अन्तर्गत हरित विद्यालय अभियानको रुपमा संचालन गर्ने ।

बालबालिकामा अनुशासन कायम गर्ने नीति

- बालबालिकाहरुको शारीरिक, मानसिक एवं अध्यात्मिक क्षमताको विकासको लागि दैनिक विद्यालयमा शारीरिक व्यायामको अभ्यास गराउने ।
- अध्यात्म विज्ञानमा आधारित योग, आशन, ध्यान एवं प्रणायामको अतिरिक्त कक्षा नियमित रुपमा सम्पूर्ण विद्यालयहरुमा संचालन गराउने ।
- आत्मरक्षाको प्रारम्भिक ज्ञान, सीप, अवधारणाको विकासको लागि कार्यक्रम संचालन गर्ने ।

## ख) स्वास्थ्य सम्बन्धि नीतिः–

| क्र.स. | भावी कार्यक्रम र योजनाहरु |
|---|---|
| १ | बढ्दै गइ रहेको नसर्ने रोग हरु तथा मानसिक रोगहरु को प्रभावन्युनिकारण तथा समय मै स्क्रिनिङ गर्नकालागि स्वास्थ्य सचेतना, उपचार तथा ब्यस्थापनको सरल र सहज पहुच बिस्तार तथा वौधिमाइ नगरपालीका द्वारा संचाल्ति **"जेष्ठ नागरिकको साथमा स्थानीय सरकार "नागरिकको सम्मान, स्वास्थ्य परीक्षण नै हाम्रो अभियान"** २०८२ लाइ निरन्तर रुपमा संचाल्न गर्न आवश्यक कार्य गरिने ,र नसर्ने रोगको शीघ्र निदान र पहिचानकालागि स्वास्थ्य कर्मिहरुवाट घरदैलो कार्यक्रम निरन्तर रुपामा संचालन गरिनेछ । सर्ने तथा नसर्ने रोगहरु रोकथामतथा नियन्त्रणका लागि जनचेतना, सर्वेक्षण तथा अनुगमन गरिने छ । |
| २ | स्वास्थ्य सम्वन्धि सामाजिक परिक्षणका कृयाकलाप निरन्तर रुपमा गरीने छ |
| ३ | यस न.पा.भित्र रहेका वर्थिङ.सेन्टरमा सुत्केरि भएका सेवाग्राहिलाइ सरसफाइ प्रवर्द्धनकालागि सरसफाइ पैकेज र पोषण पैकेज वितरण गरिने |
| ४ | स्वास्थ्य सेवाहरुको नियमित अनुगमन , स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि, आवश्यकता अनुसार पुर्नताजिकी , अन साइड तालिम दिने । |
| ५ | महिला ,किशोरिहरु ,गर्भवति महिलाकालागि शसक्तिकरण तथा जिवन सुरक्षाका कृयाकलाप संचाल्न गरिने |
| ६ | स्वास्थ्यआमा समुहको क्षमता अभिवृद्धि र नियमित आमा समूहको बैठक को निरन्तरता दिईनेछ । |
| ७ | मतृ मृत्यु तथा नव शिसु मृत्यु न्युन गर्ने कृयाकलाप गरिने । |
| ८ | संघ, प्रदेशसँग समन्वय गरी स्वास्थ्य बिमा कार्यक्रम विस्तार तथा प्रभावकारी कार्यान्वयन् गर्नुका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने । |
| ९ | स्वास्थ्य सिविर तथा वाल अपाङ स्वास्थ्य सिविर जस्ता कृयाकलाप संचाल्न गरिने |
| १० | स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रम निरन्तर रुपमा संचालन गरिनेछ । |
| ११ | स्वास्थ्य सेवाहरुको गुणस्तर सुनिश्चितताकायम गर्न स्वास्थ्य संस्थामान्युनतम सेवा मापदण्ड( Minimum Service Standard) नियमित अनुगमन तथा स्थलगत अनुशिक्षण गरिने |

| | |
|---|---|
| १२ | **स्वास्थ्य सेवामा कार्यरत करारका कर्मचारीहरु** अ.हे.व.,अ.न.मी .ल्याव असिस्टेन्ट ,कार्यालय सहयोगी ,सरसफाइ सहयोगी र कुक**लाई** कार्य सम्पादनको आधारमा **निरन्तर्ता दिदै प्रदेश/संघ** लोक सेवा आयोगलाई स्थायी पदपूर्तिका लागि माग गरिनेछ । |
| १३ | **आमा सुरक्षा कार्यक्रम** विशेष प्याकेज संचाल्न तथा **प्रवर्धन गरिनेछ ।** |
| १४ | मदिरा तथा सुर्ती जन्यपदार्थ को सेवनबाट मानब स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असर बारे जनचेतना अभिवृद्धि गरिनेछ । |
| १५ | **गर्भवतीलाई पोषण प्रवर्द्धनका लागि** पहिलो भिजिटमै **करेसावारी सम्वन्धी विउविजन उपलब्ध गराईनेछ** |
| १६ | प्रतिकारात्मक तथा प्रबर्धनात्मक स्वास्थ्य सेवालाई जोड दिई स्वास्थ्य सेवा प्रबर्धनका लागि बिशेष कार्यक्रमहरु संचालन गरिनेछ । |
| १७ | स्वास्थ्य संस्थाहरु, स्वास्थ्य सेवा इकाई, खोप क्लिनिक, गाउघर क्लिनिक, भवन लगायत अन्य पुर्बाधार विकासमा आवश्यकतामा अधारित कार्य गरिनेछ । |
| १८ | आमा सुरक्षा कार्यक्रमलाई प्रथमिकता दिई सुत्केरी भेट, जन्मपूर्व तयारी, गर्भवती स्याहार अभियान,सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई नियमित संचालन गरि थप नविनतम कार्यहरु को थालनी गरिनेछ । |
| १९ | स्वास्थ्य सेवामा गुणस्तर कायम गर्न नगर स्वास्थ्यनीति, ऐन अनुमोदन गरि स्वास्थ्यकर्मिहरुको स्तरवृद्धि ,पदनाम तथा पदस्थापना समेत गरिने छ |
| २० | खानेपानि का लागि प्रत्येक स्वास्थ्य संस्थाहरुमा चापा कल व्यवस्थापन गरिने । |
| २१ | मासिक, चौमासिक, अर्धबार्षिक तथा वार्षिक स्वास्थ्य कार्यक्रम समिक्षा तथा योजना तर्जुमा गरिनेछ । |
| २२ | बिकासमा महिला, काममा पहिला भन्ने नारा लाई आत्मसाथ गरि महिला स्वास्थ्य स्वयं सेविका हरु मार्फत आमा समूह हरु को प्रभाबकारी र ब्यवस्थित परिचालन र नियमित वैठक लाइ निरन्तरता गरिनेछ |
| २३ | स्वास्थ्य सम्बन्धित विभिन्न घुम्ती सिबिर हरु (आखा, नाख, कान, घाटी, सामान्यचिकित्शा, छाला) लगायत परिवार नियोजन सम्बन्धि SETELLITE शिविरहरु संचालन गरि स्वास्थ्य सेवा को पहुँच वृद्धि गरिने छ । |
| २४ | स्वास्थ्य सम्बन्धिअन्य सचेतना मूलक तालिम, क्षमताविकास को गतिबिधिहरु साथै आबश्यकता अनुशारको कृयाकलाप संचालन गरि, स्वास्थ्य सम्बन्धि बिबिध बिषयमा सामाजिक सचेतीकरण गरिनेछ |

| | |
|---|---|
| २५ | स्वास्थ्यका वैकल्पिक पद्दती संचालन गर्न गराउन पहल गरिनेछ । |
| २६ | विशेषज्ञ चिकित्सकहरुको समन्वयमा एकिकृत घुम्ती शिविर संचालन गरिनेछ। |
| २७ | सुरक्षितमातृत्व स्वास्थ्य सेवालाई थप सुदृढ बनाउन **Birthing Center** लाई थप व्यवस्थित र आवश्यकता अनुसार वर्थिड. थप गर्दै दक्ष जनशक्ति, उपकरणको सुनिश्चितता गरिने छ। |
| २८ | आधारभुत स्वास्थ्य सेवाको पहुँचबाट बन्चित, सिमान्तकृत तथा पिछिडिएका समुदाय लक्षित एकिकृत स्वास्थ्य शिविर, **Screening camp,** महिलाहरुको पाठेघरको मुखको क्यान्सरको जाँच शिविर संचालन तथा निरन्तरता गरिने छ। |
| २९ | जन समुदायको सुझाव वमोजिम सामुदायिक औषधि कार्यक्रम ( C.D.P.)स्थापना गरि **२०**प्रतिशत **छुटमा औषधी विक्रि वितरण** गर्नका **लागि एक नगरस्तरिय औषधी पसलको स्थापना गरिने छ ।** |
| ३० | **Birthing center** मा २४ सै घण्टा प्रसुती सेवा प्रवाहकालागि कम्तिमा १ जना **SBA** को व्यवस्थापनलाई निरन्तरता तथा सुनिश्चितता गरिने छ। |
| ३१ | स्वास्थ्य संस्थाहरुमा बिरामी कुरुवा र सुत्केरी आमाहरुको लागि अनिवार्य २४ देखि ७२ घण्टा सम्म बस्ने कार्य अझ व्यवस्थित गरिने छ। |
| ३२ | महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्वि गर्दै वडा ,वस्ति ,टोलस्तरमा उनीहरुको सिप ,दक्षता ,अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।साथै उनीहरुको मनोबल बढाउन प्रोत्साहन भता निरन्तरता गरिने |
| ३३ | आकस्मिक अवस्थाको लागि **Emergency Obstetric तथा Refferal fund** व्यवस्थापन गरिने |
| ३४ | स्वास्थ्य संस्थामा ५ किसिमका परिवार नियोजनका साधनको व्यवस्था गर्न प्रदेश स्वास्थ्य निर्देशनालय संगको समन्वयमा स्वास्थ्यकर्मीलाई **LARC** तालिमको व्यवस्था गरिने छ। |
| ३५ | परिवार नियोजन सेवाको पहुँच कम भएको क्षेत्र पहिचान गरी स्याटेलाईट **Camp** संचालन गरिने छ। |
| ३६ | कुपोषित बालबालिकालाई वृद्धि अनुगमन गरि कुपोषणको उपचार र निशुल्क प्रेषणको साथै क्षयरोग जाँचको व्यवस्था मिलाईनेछ। |
| ३७ | छुटेका बालबालिकाहरुलाई खोप लगाउन अभियान संचालन गरी पूर्ण खोप पालिका घोषणा तथा निरन्तरता दिगोपनाका कृयाकलाप गरिने छ। |

| | |
|---|---|
| ३८ | किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सुदृधिकरण गर्न आवश्यक उपकरण, परार्मश कक्ष निर्माण, पोषण कर्नरको व्यवस्थापन गरिने छ। |
| ३९ | किशोर किशोरी यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी जनचेतना अभियानसुरु गरिनेछ। |
| ४० | प्रदेश सरकारको समन्वयमा विद्यालय नर्स कार्यक्रमको संचालन तथा व्यवस्थापन सुरु गरिनेछ। |
| ४१ | आवश्यक स्वास्थ्य सामाग्री, औषधी तथा उपकरण खरिद तथा ढुवानीगरिने छ। |
| ४२ | स्वास्थ्य दिवस मनाउने -FP, Health day ,Brest feeding day , TB day, FCHV day, iodine month_, अनुगमन तथा व्यवस्थापन गरिने छ। |
| ४३ | **६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ।** |
| ४४ | स्वास्थ्य संस्थाजन्य फोहोर तथा संक्रमण रोकथामकोलागि स्वास्थ्यकर्मीहरु, कार्यालय सहयोगिलाई On site orientation |
| ४५ | औचित्यताको अधारमा प्रयोगशाला र वर्थिङ. सेन्टर सेवाको विस्तार गर्ने कार्य गरिने छ। |
| ४६ | **विपन्न नागरिकको उपचारका लागि) उपचार कोष निर्देशिका बनाईने (उपचार कोष मार्फत सहायता गरिनेछ।** |
| ४७ | महिला स्वास्थ्य स्वयमसेविका बाट आमा समूहमा नियमित पोषण प्रबर्धन स्वास्थ्य प्रबर्धन तथा सरसफाईका कार्यक्रमहरु संचालन मा जोड दिइनेछ साथै आमा समूह को प्रभाबकारी परिचालन गर्ने ब्यबस्था मिलाईने छ। र वौधिमाइ वार्ड न.०२ नदिपारि इनर्वामा १ जना थप म.स्वास्थ्य स्वयं सेविका १ जना थप गरि आधारभूत स्वास्थ्य सेवाको सुनिश्चतता गरिने। |
| ४८ | कम उमेरमा बिबाह र कम उमेरमा गर्भबती हुने संख्या घटाउनको लागि समुदायक सचेतनाका कार्यक्रम गरिनेछ। |
| ४९ | **किशोरि स्वास्थ्य शिक्षा सहित** सामुदायिक विधालयमा स्नातक गरि**२० वर्ष** पछि **विहे** गर्ने सिमांतकृत वर्गका महिला (डोम ,चमार ,हल्खोर , मुस्हर )लाइ रु. ५०,००० (पचास हजार )पूरस्कार दिइने। |
| ५० | नगरपालिका क्षेत्र भित्र १५/ सैयाको अस्पताल भवन निर्माण गरि सेवा **संचालन गरिनेछ।** |
| ५१ | **शतप्रतिशत संस्थागत सुत्केरी र पूर्ण खोप** )Full Immunization Assurance) **सुनिश्चित गर्ने वडालाई थप विकास बजेट दिएर पुरस्कृत गरिनेछ, जसले स्थानीय तहमा प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नेछ।** |

| | |
|---|---|
| ५२ | स्वास्थ्य संस्थाबाट**, HMIS** को विवरण रेर्कडिङ र रिर्पोटिङ अफ्ष व्यवस्थित गरिदै इ एच एम आइ एस संचाल्न गरिने। |
| ५३ | स्वास्थ्यकर्मीहरुलाई **DHIS 2, , RDQA** सम्बन्धी तालिम । पुर्न ताजगि तालिम संचाल्न गरिने छ |
| ५४ | पलिकाभरी गर्भवती .प्रसुती र सुत्केरीलाई प्रेषणका लागि निशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ। |

**ग) खानेपानी तथा सरसफाई सम्बन्धि नीतिः–**

- **स्वच्छ खानेपानीमा बौधिमाईबासीको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले समरसियल बोरिङ्ग जडान गर्नको लागि लागत साझेदारीमा नगरपालिकाबाट ५७ लाख बजेट विनियोजन गर्ने ।**
- **प्रत्येक वडाका नालाहरुको सरसफाई गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम तथा नगरपालिकाले बजेट विनियोजन गर्ने ।**
- **नगरपालिका क्षेत्रका मुख्य चोक, बजार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्नको लागि बजेट विनियोजन गर्ने ।**
- **नगरपालिका पूर्ण खुल्ला दिसामुक्त क्षेत्र घोषणाको अवस्थालाई कायम राख्न जनचेतनामूलक कार्यक्रम र प्रचार प्रसार गर्ने ।**

**बहुक्षेत्रिय पोषण सम्बन्धि कार्यक्रमः**

- **बहुक्षेत्रिय पोषण कार्यक्रमलाई पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि क्षेत्रगत कार्यक्रमहरुमा बजेट विनियोजन गर्ने ।**
- **पोषणमैत्री वडा निर्माणका लागि वडाहरुमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।**
- **सुनौलो हजार दिनका महिलाहरुको आयआर्जन कार्यक्रम अन्तर्गत नेपाल सरकारबाट प्रदान गरिदैं आएका सेवा सुविधाहरुलाई क्रमशः प्रत्येक वडाहरुमा पर्ने गरि अनुदानका कार्यक्रम सञ्चालन गर्ने ।**
- **विद्यालयहरुमा स्वच्छ र सुरक्षित खानेपानीको पहुँचबाट बञ्चित रहेका विद्यालयहरुमा खानेपानीको प्रबन्ध गर्ने ।**

- सम्वेदशीलता सम्बन्धित कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

पञ्जिकरण सम्बन्धि कार्यक्रमः

- सामाजिक सुरक्षा भत्ता वितरण अगामी बर्षमा पनि प्रत्येक वडा कार्यालयहरुबाट वितरण कार्यलाई निरन्तरता दिने ।
- सामाजिक सुरक्षा नवीकरणको लागि **Double Iris Device** प्रत्येक वडामा जडानको लागि पर्याप्त बजेट विनियोजन गर्ने ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धि स्थानीय वडा अध्यक्ष, स्थानीय पञ्जिकाधिकारी र सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रमलाई निरन्तरताको लागि बजेट विनियोजन गर्ने ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट निर्देशित गरेका कार्यक्रमहरुलाई प्राथमिकताका साथ सञ्चालन गर्ने ।
- व्यक्तिगत घटनादरलाई शत प्रतिशत पुऱ्याउनको लागि प्रत्येक वडामा व्यक्तिगत घटना शिविर सञ्चालनको लागि बजेट विनियोजन गर्ने ।

(१.३) पूर्वाधार विकास सम्बन्धि नीतिः

क) सडक तथा पुलको कार्यक्रमः

- नगरपालिका भित्रका सडकहरु कालोपत्रे, ढलान तथा कृषि सडक निर्माण कार्यको लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- बाटो चौडिकरण कार्यलाई निरन्तरता प्रदान गर्ने ।
- बाढीको कारण बाटो अवरुद्ध हुने अवस्थामा तत्काल मर्मत गरि संचालन गर्नको लागि विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट विनियोजन गर्ने ।
- नगरपालिका भित्र सार्वजनिक अतिक्रमित जग्गालाई कडाईका साथ खाली गराई संरक्षण गर्ने ।

ख) <u>सिंचाईको कार्यक्रमः</u>

- सिंचाईका लागि बोरिङ्ग जडानकार्यलाई निरन्तरता दिनको लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- कृषि सिंचाइको लागि पोल तार खरिद गरि जडान गर्नको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

ग) <u>खानेपानीको कार्यक्रमः</u>

- प्रत्येक वडाहरुमा स्वच्छ, शुद्ध खानेपानीको व्यवस्थापनको लागि ओभरहेड ट्याङ्की भएका वडाहरुमा वितरण कार्यलाई प्रभावकारी बनाउने र बाँकी वडाहरुमा समरसियल बोरिङ्ग जडानको लागि पर्याप्त बजेट विनियोजन गर्ने ।

घ) <u>भवन निर्माण सम्बन्धि कार्यक्रमः</u>

- नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि आवश्यक जग्गाको व्यवस्थापन गरी नेपाल सरकारसँग बजेट माँग गरी निर्माण कार्यको सुरुवात गर्ने ।
- विद्यालयहरुको भवन निर्माणको लागि बजेट विनियोजन गर्ने ।
- नगर स्तरीय अस्पतालको लागि संघिय सरकारबाट पर्याप्त बजेट प्राप्त भएकोले २०८३ को कार्तिक मसान्त भित्र सम्पन्न गराउनुका साथै संचालनका लागि दरबन्दि माँगको प्रक्रिया अगाडि बढाउने ।
- सरमुजवा बर्थिङ्ग सेन्टरमा ल्याबको लागि भवन निर्माण गराउने ।
- पिपरिया स्वास्थ्य चौकीमा नयाँ भवन निर्माण गराउने ।

- नक्सा पास नगराई नयाँ घर बनाउन नपाउने व्यवस्थालाई कडाईका साथ लागू गर्ने ।
- सशस्त्र प्रहरी बल नेपाल बि.ओ.पि. सरमुजवाको मेस (भान्छा घर) निर्माणको लागि बजेट विनियोजन गर्ने ।
- प्रहरीचौकी बंकुलको कम्पाउण्ड निर्माणको लागि बजेट विनियोजन गर्ने ।

ङ) <u>सूचना तथा संचारसँग सम्बन्धित कार्यक्रम</u>

- डिजिटल नागरिक वडापत्रको निर्माण तथा जडानकार्यको लागि बजेट विनियोजन गर्ने ।
- सम्पूर्ण विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय र नगरपालिका कार्यालयमा ई हाजिरी जडान गर्नको लागि बजेट विनियोजन गर्ने ।
- सरकारी कार्यालयहरु र नगरपालिकामा सिसि क्यामेरा जडान गर्नको लागि बजेट विनियोजन गर्ने ।

## ४. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीतिः–

क) <u>वन तथा भू–संरक्षण कार्यक्रमः</u>

- हराभरा बौधीमाई निर्माणको लागि बौधिमाई नगरपालिकाको मुख्य सडकको छेउछाउमा अनिवार्य बृक्षारोपण गर्नको लागि बजेट विनियोजन गर्ने ।
- नगरवासीहरुको लागि फलफुलका विरुवाहरु खरिद गरि वितरण गर्ने ।

- जिल्ला वन कार्यालयबाट निःशुल्क रुपमा जङ्ली प्रजातिका विरुवाहरु ल्याई सार्वजनिक जग्गा, विद्यालयहरु, अस्पताल, स्वास्थ्य चौकीहरुमा वृक्षारोपन गर्नुका साथै ईच्छुक नागरिकहरुलाई विरुवा वितरण गर्ने ।

ख) जलवायु परिवर्तन सँग सम्बन्धित कार्यक्रमः

- जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्नको लागि प्राप्त बजेटलाई प्रभावकारी कार्यक्रम बनाई संचालन गर्ने ।

ग) फोहरमैला व्यवस्थापन सँग सम्बन्धित कार्यक्रमः

- नगरपालिका क्षेत्रको फोहरमैला तथा हाट बजारबाट निस्केका फोहरहरुलाई व्यवस्थापन गर्नको लागि ठाउँठाउँमा डस्टविन राख्ने र फोहर संकलन गरी ल्याण्ड फिल्ड साइडमा व्यवस्थापन गर्ने ।
- प्लाष्टिक र प्लाष्टिकजन्य पदार्थहरुको प्रयोगबाट माटोको उर्बराशक्ति नाश हुनुका साथै जलाउँदा क्यान्सर लगाउने दुषित ग्याँस निस्कने भएकोले सो को प्रयोगलाई निरुत्साहित गर्न कागजको झोलाको उत्पादन र बजारिकरण गर्नको लागि मेसिन खरिद गर्नको लागि बजेट विनियोजन गर्ने ।
- फोहरबाट मोहर बनाउनको लागि कुहिने बस्तुहरुबाट जैविकमल उत्पादन गर्न उद्योग स्थापनाकोलागि आवश्यक बजेट विनियोजन गर्ने ।

घ) विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रमः

- विपद् व्यवस्थापन कोषमा रकम थप गर्ने ।

- प्रत्येक बर्ष लाल बकैंयामा आउने बाढीले बाटोघाटो भत्काउने, डुवानमा पार्नुका साथै सुख्खा मौसममा हावाहुरी र आगलागिका घटनाले नगरवासीहरुलाई पीडा हुने गरेकोले त्यस्ता भवितव्य घटनामा राहत दिनको लागि विपद् व्यवस्थापन शिर्षकमा बजेट विनियोजन गर्ने ।
- लालबकैंया नदीको तटबन्ध निर्माण गर्न सम्बन्धित निकायमा पहल गर्ने ।
- सशस्त्र प्रहरी नेपाल बि.ओ.पि.सरमजवा, ई.प्र.का.कोपवा, प्रहरी चौकी बंकुललाई आवश्यकताको आधारमा ईन्धनको लागि आवश्यक बजेट विनियोजन गर्ने ।

५. संस्थागत विकास, वित्तिय व्यवस्थापन, सुशासन तथा सेवा प्रवाह प्रभावकारी बनाउने नीतिः

- संघीय सरकारले स्थायी कर्मचारीहरुकोलागि आधारभूत तलबमानमा १० प्रतिशत वृद्धि गरेकोले नगरपालिका भित्र कार्यरत करारका कर्मचारीहरुले पनि खाईपाई आएको तलबमा १० प्रतिशतले नै वृद्धि गर्ने ।
- करारका कर्मचारीहरुको पोशाक भत्ता वापत जनही ५०००।–पाँच हजार उपलब्ध गराउन बजेट विनियोजन गर्ने ।
- सम्पूर्ण सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको भत्तामा थप १०००।– वृद्धि गर्ने ।
- मानव संशाधन विकास अन्तर्गत कर्मचारीहरुको क्षमता विकास गर्न तालिम गराउनको लागि बजेट विनियोजन गर्ने ।
- सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाउन विद्युतीय सूचना प्रविधिको अधिकतम प्रयोग गर्ने ।
- नगरपालिकबाट प्रवाह हुने सेवाको बारेमा सार्वजनिक सुनुवाई गर्ने ।
- सामाजिक परीक्षण कार्यलाई अनिवार्य बनाउने ।
- करका नयाँ स्रोतहरु खोजी गर्ने र करका दायरा बढाई आन्तरिक राजस्व वृद्धि गर्न कर संकलन अभियान संचालन गर्ने ।

- नगरपालिका भित्र रहेका क्रसर उद्योग, ईट्टा भठालाई करको दायरा ल्याई स्थानीय तह लागू भए देखि हालसम्मको राजस्व उठाउनको लागि कानूनी प्रकृया अगाडी बढाउने ।
- संघीय सरकारले बेरुजु फर्छ्यौट कार्यलाई प्राथमिकतामा राखेको हुँदा नगरपालिकाले पनि विज्ञ जनशक्ति खटाई विभिन्न प्रकारका बेरुजुलाई फर्छ्यौटमा पहल कदमी लिने ।
- बेरोजगार युवायुवती, महिला, पुरुष सबैलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउनको लागि समयानुकुलको सीप विकास तालिम संचालन गर्न आवश्यक बजेट विनियोजन गर्ने

श्रीमान् सभाअध्यक्ष ज्यू,

यस बौधीमाई नगरपालिकाको सम्मानित गरिमामय नगरसभामाको प्रमुख अतिथि, विशिष्ट अतिथि तथा सम्पूर्ण सभासदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मी, संचारकर्मी एवं पत्रकार ज्यूहरु लगायत अन्य महानुभावहरु यस नगरसभाको कार्यक्रममा उपस्थित भई दिनु भएकोमा सर्वप्रथम हार्दिक अभार प्रकट गर्दछु। साथै आ.व.२०८३/०८४ को १२ औं नगरसभा नीति तथा कार्यक्रम प्रस्तुत गर्न सभा अध्यक्षज्यूबाट अनुमति चाहन्छु ।

हाम्रो समाज बहुजातीय, बहुभाषिय, बहुधार्मिक विविधतायुक्त विशेषताहरु मिलेर बनेको छ । यहि विविधता बीचको एकता सामाजिक, साँस्कृतिक ऐक्यवद्धता एवं सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै समाजमा रहेका सामाजिक असमानता, आर्थिक असमानता, जातीय छुवाछुत जस्ता सबै प्रकारका विभेद अन्त्य गर्दै समानुपातिक, समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाज निर्माण गर्ने राष्ट्रिय संकल्पलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार सँगको सहकार्य, सह–अस्तित्व र समन्वयको भावना अनुरुप कार्यगत एकता गर्दै यस नगरपालिकाको स्वाधिनता, समृद्धि, आत्मनिर्भरता र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने हाम्रो लक्ष्य रहको छ ।

बौधीमाई नगरपालिकाको आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेकी छु । नगरपालिकाको समग्र आर्थिक

विकास, सामाजिक विकास, पूर्वाधार विकास, वित्तिय तथा संस्थागत विकासको लागि संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त राजस्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान र स्थानीय सरकारको आन्तरिक राजस्वबाट प्राप्त हुने अनुमानित आयलाई मध्यनजर गर्दै आ.व.२०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकी छु ।

## आ.व.२०८३/०८४ को बजेट

(१) संघीय सरकारबाट प्राप्त हुने अनुमानित अनुदानहरु

| | |
|---|---|
| (क) वित्तीय समानिकरण अनुदानः– | १० करोड ४५ लाख |
| (ख) सशर्त अनुदान चालुः– | १५ करोड ७६ लाख |
| (ग) सशर्त अनुदान पूँजीगतः– | ५ करोड ४१ लाख |
| (घ) समपूरक अनुदानः– | १ करोड ४५ लाख |
| (ङ)विशेष अनुदान पूँजीगतः– | १ करोड ७८ लाख |
| संघीय सरकारको कुल बजेटः– | ३४ करोड ८५ लाख |

(२) संघीय राजस्व बाँडफाँडको अनुमानित रकमः–१० करोड १० लाख ६४ हजार

(३) प्रदेश सरकारबाट प्राप्त हुने अनुमानित अनुदानहरु

| | |
|---|---|
| (क) वित्तिय समानिकरण अनुदानः– | ७१ लाख ८३ हजार |
| (ख) राजश्व बाँडफाँडः– | ५३ लाख ७७ हजार |
| (ग) सशर्त अनुदान पूँजीगतः– | ६० लाख |
| (घ) विशेष अनुदानः– | २० लाख |
| (घ) समपूरक अनुदानः– | ३० लाख |

प्रदेश सरकारको कुल अनुमानित बजेटः–२ करोड ३५ लाख ६० हजार

(४) आन्तरिक स्रोतहरुबाट प्राप्त हुने अनुमानित आम्दानीः– १ करोड ५० लाख

(५) सडक बोर्ड नेपालबाट प्राप्त हुने अनुमानित आयः– १३ लाख २० हजार

(५) सामाजिक सुरक्षा वापतको अनुमानित रकमः– १५ करोड

कुल अनुमानित आयः– ६३ करोड ९४ लाख ४४ हजार मात्र

## निर्णयहरु

१. आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम उपस्थित सभासदस्यहरुका गणपूरक संख्याको बहुमत सदस्यहरुको उपस्थिति रहेकोले नीति तथा कार्यक्रम पारित भएको छ ।

२. आ.व. २०८३/०८४ को बन्द सत्र यहि मिति २०८३/०३/२६ गते शुक्रबार विहान ११.०५ बजे राख्ने निर्णय गरियो ।